

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नेे छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३१५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० मंसिर २४ गते आइतबार ❑ 10 Dec. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## उद्योगी व्यवसायीलाई सहुलियतका कार्यक्रम ल्याउन अध्यक्ष नेपालको आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, २३ मंसिर

पूर्व प्रधानमन्त्री एवं नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधव कुमार नेपालले उद्योगी व्यवसायीलाई सहुलियतका कार्यक्रम ल्याउन आग्रह गर्नु भएको छ।

समाजवादी प्रेस सङ्गठन नेपाल, कास्कीले शनिबार पोखरामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै उहाँले नेपालको अर्थतन्त्रमा केही समस्य भएको दाबी गर्दै त्यसबाट पार लगाउने गरी सरकारले उद्योगी व्यवसायीलाई सहुलियतका कार्यक्रम ल्याउन आग्रह गर्नु भएको हो । देशको अर्थतन्त्र समस्या भएका कारण धेरै व्यवसाय समस्याग्रस्त भएको दाबी गर्दै उहाँले व्याजदर घटाउने,



ऋण चुक्ता गर्ने समय अवधि बढाउनु पर्ने,कर्जामा सहुलियत दिने बिषयमा सरकारले बृहत् छलफल गर्नु पर्नेमा जोड दिनु भयो । अर्थतन्त्रलाई सुधार गर्ने बिषयमा सरकारले अविलम्व कदम चाल्नु पर्ने उहाँले सुझाव थियो । ऋण लिए पछि ऋण चुक्ता गर्ने पर्ने दाबी गर्दै अध्यक्ष नेपालले समाजमा बिखण्डन गर्ने गरि केही तत्व लागेकोले यस प्रति सचेत हुनु पर्ने बताउनु भयो।

प्रधानमन्त्रीले अझ बढी गम्भीर भएर राज्य संचालनमा लाग्नु पर्ने अध्यक्ष नेपालले सुझाव दिनु भयो । कृषि उत्पादनसंग जोडीएको अर्थतन्त्र भएमा दिगो अर्थतन्त्र हुने उहाँको भनाइ थियो। नेपाललाई कृषिमा आत्मनिर्भर बन्ने बिषयमा कृषि बिज्ञहरूसंग छलफल गरी ठुलो क्षेत्रमा कृषि उत्पादन गर्नु पर्ने नेपालले बताउनु भयो । रोजगार, शुसासन र समृद्धिको पार्टीको अभियान रहेको बताउदै उहाँले भ्रष्टाचार र अनियमितताको अन्त्य गर्नु पर्ने बताउनु भयो । आफ्नो पालामा कुनै पनि जग्गा नदिएको दाबी गर्दै अध्यक्ष नेपालले भ्रष्टाचारले देश बिग्रिएको बताउनु भयो । बिदेशी लगानी भित्राउने गरि अघि बढ्नु पर्ने उहाँको भनाई थियो ।

एकीकृत समाजवादी चुनौती सामना गर्ने आँट राखेर सबै शक्तिलाई एकताबद्ध बनाएर अघि बढिरहेको अध्यक्ष नेपालले दाबी गरे । उनले अन्य पार्टीसंग अफ्नो पार्टी विलिन नहुने दाबी गरे । जेठको पहिलो साता हुने अधिवेसनले पार्टीलाई थप मजबुद पार्ने उनको भनाई थियो। समाजवादी प्रेस सङ्गठन नेपाल, कास्कीका अध्यक्ष रुद्रबहादुर थापाको अध्यक्षतामा कार्यक्रम भएको सचिव भिम थापाले बताए।

## उद्योगपति, समाजवेसी मुरलीधर रुङ्गटा पुम्दीकोटमा सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, २३ मंसिर



पोखरा २२ (पुम्दीभुम्दी) स्थित पुम्दीकोटमा रहेको बिशाल महादेव मुर्ति परियोजनाका मुख्य दाता उद्योगीपति, समाजवेसी पर्सा विरगन्ज निवासी मुरलीधर रुङगटा सम्मानित हुनु भएको छ।

पुम्दीकोट कोट विकास समितिले शनिबार बिशाल महादेव मुर्ति परिसरमा आयोजना गरेको सम्मान तथा भजन चुड्का प्रतियोगिताको अवसरमा ८६ बर्षीय रुङगटालाई बिषेश सम्मान गरेको हो । उक्त कार्यक्रमका प्रमुख अतिथी पिठाधिस अनन्त बिभूषित महामण्डलेश्वर आत्मानन्द गिरीजी महाराज र समितिका अध्यक्ष चन्द्रकान्त बरालले सम्मानपत्रको साथमा दोसल्ला ओढाई, खादा मालाले उहाँलाई सम्मान गर्नु भएको हो । दानविर, समाजसेवी एवम उद्योगपति मुरलीधर रुङ्गटाले बिशाल महादेव मुर्ति परियोजनामा १ करोड ५० लाख भन्दा बढी जुन रकम उक्त परियोजनाको सबै भन्दा बढि आर्थिक सहयोग रहेकोले उहाँलाई बिषेश सम्मान गरिएको समितिले जनाएको छ।

मुरलीधर रुङ्टा मारवाडी सेवा समिति वीरगञ्ज, रुङ्टा वेलफेयर सोसाइटी र चौसटी अठी सदन मन्दिरका अध्यक्ष हुनु हुन्छ । मारवाडी सेवा ट्रष्टका उपाध्यक्ष एवम राष्ट्रिय मारवाडी सेवा समितीका केन्द्रिय सदस्य रुङ्गटाज्युको रुङ्गटा कान अस्पताल विरगञ्ज, आमाको माया चत्रवास विरगञ्ज र अग्रवाल भवन काडमाण्डौमा लगानी रहेको छ । विरगञ्जमा प्रत्येक वर्ष स्वास्थ शिविर संचालन गर्नु गर्दै आउनु भएको मुरलीधर रुङ्गटा, ओम चावोविरो फिड, ओ.सि.डी. फुड तथा दाना, ओम एग्रो प्रोडक्ट र रुङ्गटा प्रोसेसिङ्ग जस्ता धेरै उत्पादनमुखी व्यवसायिक कारोवारमा आवद्ध हुनु भएको छ । समितिले मुरलीधरलाई उक्त परियोजनाको प्रमुख सरक्षकको रुपमा प्रस्ताव गरिएको समितिका दुर्गाबहादुर गुरुङले बताउनु भयो।

मधेश प्रदेश पर्सा जिल्ला विरगञ्ज उपमहानगरपालिका वडा नं. १० निवासी स्व.पिता रामेश्वरलाल रुङ्गटा र स्व.माता भवानी देवी रुङ्गटाको कोखबाट १९९७ सालमा मुरलीधरको जन्म भएको हो । पुम्दीकोट क्षेत्रको ऐतिहासिक, धार्मिक र साँस्कृतिक महत्वलाई थप उजागर गरी समग्र क्षेत्रको बिकास तथा प्रबर्दन गर्ने उदेश्यले पर्यटन प्रबर्धनका लागि पुम्दीकोट, बिशाल महादेव मूर्ति निर्माण गर्ने हाम्रो अठोट भन्ने नारा सहित कोट बिकासको अभियान शुरु गरी २०७३ साल र २०७९ सालमा गरी दुई पटक शिव महापुराण ज्ञान महायज्ञ एवम् धार्मिक पर्यटन महोत्सब समेत आयोजना भएको समितिले जनाएको छ । उक्त महायज्ञबाट २० रोपनी जग्गा र करिब ९ करोड ३० लाख रुपैया संकलन भएको अध्यक्ष बरालले जनाउनु भयो । उक्त परियोजनामा हालसम्म झण्डै २७ करोड लगानी भैसकेको र करिब १ करोड ऋणको व्ययभार समेत भएको अध्यक्ष बरालले जनाउनु भयो । परियोजनाका परिमार्जित गुरुयोजनामा सुमेरु पर्बत नामकरण गरी भूमेश्वर महादेव देखि सुमेरु पर्बतसम्म पंहुचका लागि विधुतीय चियर कार, ग्रिनेरी पार्क, ब्यबस्थित पार्किंग स्थल निर्माण गर्ने बिषयहरु समेटिएको उहाँले बताउनु भयो । गण्डकी प्रदेशका पूर्व अर्थ मन्त्रि रामजी प्रसाद बराल जीवनले कसैले पनि इतिहासलाई विर्सन नहुने बताउदै उक्त बिशाल महालदेवका मुर्ति निर्माणमा पहिला भुम्दीकोट टावरबाटै यसको सुरुवात भएको उहाँले बताउनु भयो। बिषेश गरी


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## बूढीगण्डकी परियोजना सफल बनाउनुपर्छ : अध्यक्ष ओली

**पोखरापत्र संवाददाता**
गोरखा, २३ मंसिर

नेकपा (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको बूढीगण्डकी जलविद्युत् आयोजनालाई जसरी पनि सफल बनाउनुपर्ने बताउनुभएको छ।

पुष्पलाल मध्यपहाडी लोकमार्ग केन्द्रित झुलाघाट-चिवाभञ्ज्याङ सम्मृद्धिका लागि सङ्कल्प यात्रा, २०८० अन्तर्गत शनिबार गोरखा आइपुग्नुभएका अध्यक्ष ओलीले सदरमुकाममा आयोजित




सर्वपक्षीय भेलालाई सम्बोधन गर्नुहुँदै बूढीगण्डकी परियोजना सफल बनाउन पछि हट्न नहुने बताउनुभयो । "बूढीगण्डकी आयोजना निर्माण गर्न ठुलो क्षेत्रफलका लागि धेरै रकम मुआब्जा दिइसकेका छौं । सरकारले अधिग्रहण गरी मुआब्जा दिएकाले आयोजना निर्माण अगाडि बढाउनुपर्छ", उहाँले भन्नुभयो । आयोजना निर्माणका लागि आफूहरूले सरकारलाई घचघच्याउने काम गरिरहेको अध्यक्ष ओलीको भनाइ थियो । "नेपालका परियोजना निर्माण गर्दा फाइदा हुनेगरी बनाउन दिनुपर्छ", उहाँले भन्नुभयो । आयोजना निर्माणमा ढिला भयो भन्दैमा सरकारले अधिग्रहण गरेको जमिन जनताले


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## तीस हजार सवारीसाधनको कर उठेन

**पोखरापत्र संवाददाता**
पोखरा, २३ मंसिर

गण्डकी प्रदेशमा दर्ता भएका झन्डै ३० हजार सवारीसाधनका धनीले सवारीसाधन कर, आयकर, रुट इजाजत शुल्कलगायत नियमानुसार लाग्ने शुल्क नबुझाएको पाइएको छ। यातायात व्यवस्था कार्यालय सवारी, कास्कीका अनुसार नयाँ तथा पुराना सवारीसाधनबाट विभिन्न शीर्षक अन्तर्गत करिब रु ३५ करोड बक्यौता उठ्न बाँकी छ।

कार्यालय प्रमुख डिल्ली रिजालले बक्यौता कर बुझाई सवारीसाधन दर्ता प्रमाणपत्र नवीकरण गर्न सवारीधनीहरूलाई सूचित गरिएको बताउनुभयो । "अहिलेलाई एक महिनाको समय दिएर सवारीसाधन कर अनिवार्य बुझाउन सूचित गरिएको छ", उहाँले भन्नुभयो, "सचेत गराउँदा पनि भएन भने सवारीधनीको नाम नै प्रकाशन गर्ने हाम्रो तयारी छ।"

उहाँले सवारीसाधन पुरानो भएर कवाडीमा गइसकेको भए पनि कार्यालयमा आएर बक्यौता कर बुझाई अनिवार्य सवारीसाधनको लगतकट्टा गर्न सवारीधनीलाई आग्रह गर्नुभयो । "कतिपयको सवारीसाधन पुरानो भएर सञ्चालनमा नरहेको हुनसक्छ तर कर बुझाएको छैन भने सवारीधनीको नाममा बक्यौता रहिरहन्छ । बर्सेनि जरिवाना पनि थपिन्छ", कार्यालय प्रमुख रिजालले भन्नुभयो । तिनुपर्ने सवारीकर तथा अन्य शुल्क नतिरी सवारीसाधन सञ्चालन गरेको पाइएमा कानुनअनुसार कडा कारबाही हुने कार्यालयले स्पष्ट पारेको छ। गण्डकी प्रदेशमा दर्ता भएका सवारीसाधनको हकमा आव २०७५/७६ भन्दा अगाडिको बक्यौता करको जरिवाना पूरै छुट हुने व्यवस्था गरिएको कार्यालय प्रमुख रिजालले बताउनुभयो । कार्यालयले २० वर्षभन्दा पुराना सवारीसाधनको पनि अनिवार्य लगतकट्टा गर्न र त्यस्ता सवारीसाधन सञ्चालन नगर्न सवारीधनीलाई सूचित गरेको छ। २० वर्ष नाघेका सवारीसाधन सञ्चालन गरेको पाइएमा प्रदेश सवारी तथा यातायात व्यवस्थापन ऐन २०७६ अनुसार कारबाही हुने जनाइएको छ।


**जाजरकोट केन्द्रविन्दु बनाएर २०८० कार्तिक १७ गते गएको भूकम्प प्रभावितहरुलाई सहयोग गर्न इच्छुक महानुभावहरुलाई प्रधानमन्त्री दैवी प्रकोप उद्वार / सहायता कोषको देहायका खातामा रकम जम्मा गर्न सकिने व्यहोरा अनुरोध छ।**

| बैंकको नाम | खाता नं (चल्ती खाता) |
| --- | --- |
| राष्ट्रिय वाणिज्य बैंक,पुतलीसडक | ११३०१००००३७६२००१ |
| कृषि विकास बैंक, रामशाहपथ | ००१००२०१००२९०७०१४ |
| नेपाल बैंक लिमिटेड, काठमाडौं | ००२००१००५१००३९००००० १ |
| एभरेष्ट बैंक लिमिटेड,नयाँ बानेश्वर | ००१०११०२२०००१२ |
| स्टान्डर्ड चार्टड बैंक नेपाल लिमिटेड, लाजिम्पाट | ०००१०१३२४३८०१ |
| ग्लोबल आइएमई बैंक लिमिटेड, बानेश्वर | ००४०१०१००००००५७ |
| हिमालयन बैंक लिमिटेड, ठमेल | ०१९०५६३१२१००११ |
| नाबिल बैंक लिमिटेड, दरबारमार्ग | १७१००१७५०५२८५ |
| हिमालयन बैंक लिमिटेड, कमलादी | ०१९०५६३१२१००४६ (डलर खाता) |

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नयाँबजारको व्यापार मेलामा छुट नै छुट

**पोखरापत्र संवाददाता**
पोखरा, २३ मंसिर

पोखराको नयाँबजारमा जारी राष्ट्रिय औद्योगिक व्यापार मेलामा दैनिक उपभोग्य बस्तु तथा अन्य सेवाहरुमा भारी छुटको व्यवस्था गरिएको छ।

मंसिर २१ गतेदेखि सुरु भएको मेलामा रहेका विभिन्न स्टलहरुले भारी छुटमा सामानहरु बिक्री गरिरहेको आयोजक संस्था पोखरा उद्योग वाणिज्य संघका कोषाध्यक्ष दीनेशचन्द्र बास्तोलाले जानकारी दिए । उनका अनुसार खासगरी दैनिक उपभोग्य बस्तु र लत्ताकपडाहरु सुपथ मूल्यमा बिक्री भइरहेका छन् ।

'साल्ट् ट्रेडिङ कर्पोरेसनले छुटसहित विभिन्न उत्पादनहरु बिक्री गरिहेको छ,'उनले भने, 'त्यस्तै मेलाको प्रवेश टिकटमा हामीले पनि विभिन्न उपहारको व्यवस्था गरेका छौं।' उनका अनुसार मेलाको हेल्थ पार्टनर चरक मेमोरियल अस्पतालले मेलास्थलमा स्वास्थ्य परीक्षणका साथै हरेक दिन दुईजनालाई अस्पतालबाट सम्पूर्ण स्वास्थ्य परीक्षणको अवसर दिएको छ । बेटरहोम्सबाट पनि दैनिक आकर्षक पुरस्कारको व्यवस्था गरिएको छ भने चालिसे मोटर्स नयाँबजारले मेलाको प्रवेश टिकटबाट गोलाप्रथाद्धारा एकजनालाई सुजुकी एभेनिक स्कुटर दिने घोषणा गरेको छ । यस्तै मेलास्थलमा रहेको नेपाल टेलिकमको स्टलबाट निःशुल्क सिमकार्ड वितरण भइरहेको छ । प्रिपेड सिमकार्डको लागि नागरिकताको प्रतिलिपी र एकप्रति पासपोर्ट साइजको फोटो भने आवश्यक हुने टेलिकमका बजार व्यवस्थापन प्रमुख महेन्द्र रिमालले जानकारी दिए।

मेलामा बैंक तथा वित्तीय संस्थाहरुले खाता खोल्नेदेखि आफ्ना सेवाबारे जानकारी दिइरहेका छन् भने पोखरा औद्योगिक क्षेत्र उद्योग संघको तर्फबाट राखिएका स्टलहरुबाट त्यहाँका औद्योगिक उत्पादनहरु सुपथ मूल्यमा बिक्री तथा प्रदर्शन भइरहेको संघका उपमहासचिव शोभा गौतमले जानकारी दिइन् । मेला पुस १ गतेसम्म जारी रहने छ । मेलामा सहभागीहरुलाई मनोरञ्जन दिन सांस्कृतिक कार्यक्रमहरु पनि समावेश गरिएको संघका महासचिव बलराम आचार्यले जानकारी दिएका छन् । सांस्कृतिक कार्यक्रममा नाच्नेहरुलाई पनि उपहारको व्यवस्था गरिएको उनले जानकारी दिए।

# जनकल्याण समितिको ४१ औं वार्षिकोत्सवमा सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, २३ मंसिर



पोखरा महानगरपालिका वडा नं १३ सिद्धकालिनस्थान स्थित जनकल्याण समितिको ४१ औ बार्षिकोत्सव एवं १८औ बिबिध सम्मान कार्यक्रम शनिवार सम्पन्न भयो ।

कार्यक्रममा एस ई ई उर्तीण , दश जोड दुई उर्तीण एवं बृद्धालाई सम्मान गरिएको हो ।

कार्यक्रममा रामवहादुर कार्की र लक्ष्मी कार्कीद्धारा स्थापित राम लक्ष्मी शैक्षिक पुरस्कारवाट एसइइ उर्तीण कविता तिमिल्सिना, रमशे कुमार झा र ममतादेवी झा द्धारा स्थापित विन्ध्यश्वरी मिथिला देवी झा शैक्षिक पुरस्कारवाट दश जोड दुई उर्तीण गौरव क्षेत्री र तीर्थवहादुर बस्नेत र उर्मीला बस्नेतद्धारा स्थापित बृद्ध बृद्ध सम्मानवाट त्रिलोचन घिमिरे, विष्णुकुमारी थापा र समितिका अध्यक्ष देवराज वराललाई सम्मान गरियो । समितिले ४१ औं वार्षिक उत्सवको सन्दर्भमा भवन परिसरमा सरसफाइ तथा रंग रोगन कार्यक्रम र शुक्रवार विहान प्रभात फेरी कार्यक्रम सम्पन्न भइसकेका छन् ।

समितिका अध्यक्ष देवराज बरालको सभापतित्वमा सम्पन्न कार्यक्रममा जलेश्वर वहुद्देश्यीय सर्वहित समाजका अध्यक्ष भिम वराल, सत्य देवी आमा समुहकी अध्यक्ष जमुनादेवी श्रेष्ठ, अक्षयकोषको तर्फवाट तीर्थवहादुर वस्नेत, सम्मानितको तर्फवाट त्रिलोचन घिमिरे र समितिको पूर्व अध्यक्ष एवं प्रा. तारा वराल लगायत वोलेको कार्यक्रममा समितिका प्रथम उपाध्यक्ष एवं कार्यक्रम संयोजक बिस्णु कार्कीले स्वागत र सचिव विनोदराज आचार्यले संचालन गरेका थिए ।

# मानवअधिकारसम्बन्धी प्रतिबद्धता पूरा गर्न सरकार क्रियाशील छ : प्रधानमन्त्री दाहाल

**रासस**
काठमाडौं, २३ मंसिर

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले नेपालले अनुमोदन गरेका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, महासन्धिका प्रतिबद्धता पूरा गर्न सरकार निरन्तर रूपमा क्रियाशील रहेको बताउनुभएको छ।

७५औँ अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका अवसरमा आज शुभकामना दिँदै उहाँले जातीय, क्षेत्रीय, लैङ्गिक तथा परम्परागत विभेदका कारणलाई सम्बोधन गर्न संविधानमा मौलिक हकको व्यवस्था भए बमोजिम कानुन बनाइ मानवअधिकारको प्रत्याभूति दिलाउन सरकार प्रयत्नशील रहेको बताउनुभयो । प्रधानमन्त्री दाहालले प्रत्येक व्यक्तिको जीवन, मर्यादा, समानता, स्वतन्त्रताका साथै मानवअधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गरी मानवअधिकार संस्कृतिको विकास गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो। सरकारले नेपाल पक्ष भएका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको दायित्व पूरा गर्दै आइरहेको उल्लेख गर्दै केही बडापत्रमा आधारित र सन्धिजनित समितिमा पेस हुन बाँकी आवधिक प्रतिवेदन साथै विश्वव्यापी आवधिक समीक्षा प्रतिवेदन समयमा नै पेस हुनेमा सरकार दृढ रहेको बताउनुभयो ।

# इर्मट्रडले पर्वतीय महोत्सवमा सुनाइन्, फरक हिमाली क्षेत्रका समान जीवनशैली

**पोखरापत्र संवाददाता**
पोखरा, २३ मंसिर



भूगर्भविद् तथा फोटोग्राफर डा इरिका र उनकी छोरी इर्मट्रड आमोछोरीले खिचेको हिमाली क्षेत्रका समान जीवनशैलीका तस्वीरबारे पोखरामा जारी आठौं अन्तर्राष्ट्रिय पर्वतीय महोत्सवमा इर्मट्रडले अनुभव साटेकी छन् ।

'अल्प्स मिट द हिन्दु कुश हिमालय' विषयक सत्रमा इर्मट्रडले आफ्नी आमा र आफूले लामो समय लगाएर अस्ट्रियासहित नेपाल र भारतका विभिन्न ठाउँमा खिचिएका तस्वीरबारे अनुभव सुनाएकी हुन् । सन् १९१७ मा अस्ट्रियामा जन्मिएकी भूगर्भविद् एवं फोटोग्राफर डा इरिका हुबाचेक आफ्नो जीवनकालमा थुप्रै हिमाली क्षेत्रको अध्ययन गरेकी थिइन् । सोही क्रममा विभिन्न ठाउँमा फोटो खिचेकी थिइन् । उनको सन् २०१० मा मृत्यु भएको थियो ।

तर, आमाको बाटो पछ्याउँदै उनकी छोरी इर्मट्रड हुबाचेक पनि हिमाली फोटोग्राफीमा लागिन् । तस्वीरमा आमाछोरीले नै हिमाली किसानका जनजीवन, रहनसहन उतारेका थिए । विश्वभरका विभिन्न देशका हिमाली क्षेत्रका किसानको तस्वीर खिच्दै हिँडेका उनीहरुले जुन क्षेत्रमा भए पनि हिमाली रहनसहन मिल्दोजुल्दो भेट्टाएको छोरी इर्मट्रडले सुनाइन्। 'सबै ठाउँका महिलाहरुको समान जीवनशैली रहेछ। उनीहरु बिहानै घामको झुल्कोसँग उठ्छन् र नअस्ताउञ्जेल खेती किसानी गर्छन्,' उनले भनिन्, 'सबै हिमाली भेगमा संयुक्त परिवार हुन्छ । १४, १५ जनासम्म एकै परिवारमा बस्छन् । त्यसले कृषि काममा फाइदा हुन्छ ।'

आफू र आमाले खिचेका तस्वीर कथा सुनाउँदै उनले अगाडि भनिन्, 'सबै ठाउँका हिमाली महिलाहरुले गर्ने संघर्षमात्रै होइन, उनीहरुले अपनाइरहेको संस्कृतिदेखि जीवनशैली पनि एकैएकै प्रकारको छ ।' हुबाचेक आमाछोरीले लामो समय लगाएर फरकफरक मितिमा खिचेका फरकफरक भूगोलका ऐतिहासिक र दुर्लभ तस्वीर गत पर्यटन दिवसदेखि पोखरामा रहेको अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयमा प्रदर्शनमा राखिएको हो । आफूहरुले समयको फरक भन्दा पनि समान जीवनशैली देखाउन खोजेको उनले बताइन् । जीवनको लामो समय हिमाली भेगको जीवनशैली अध्ययनमै बिताएकी उनले पछिल्लो समय हिमाली जनजीवन फेरिँदै गएको बताइन् । उनले प्रविधिको उच्च पहुँचसँगै जनजीवन विस्तारै परिवर्तन हुँदै गएको अनुभव सुनाइन् । नेपाल पर्वतारोहण संघले बर्सेनि आयोजना गर्दै आएको पर्वतीय महोत्सव बिहीबारबाट सुरु भएको हो। महोत्सवमा पर्वतीय जनजीवन र आरोहीका डकुमेन्ट्रीदेखि जलवायु परिवर्तनको असरबारे बहस हुने सदस्य सचिव निर्मला न्यौपानले जानकारी दिइन् । उद्घाटनको अवसरमा 'साइलेन्ट बर्डस्' नामक नाटक देखाइएको थियो । नेपाल पंक्षी संरक्षण संघसँगको सहकार्यमा देखाइएको 'साइलेन्ट बर्डस्' ले गिद्धको महत्व र उपयोगिताबारे सन्देश दिएको थियो । किम्फसँगको सहकार्यमा पर्वतारोहण र पर्वतीय जीवनबारे ५ वटा वृत्तचित्र प्रदर्शन हुनेछ । महोत्सवमा जलवायु परिवर्तनले हिमालसँगै हिमाली जनजीवनमा पारेको प्रभाव र कालापत्थरमा परिणत हुँदै गएका हिमालबारे बहस हुने जनाइएको छ । आठौं संस्करणको पर्वतीय महोत्सवमा 'टग अफ वार' सँगै छेलो, जिपलाइन, आर्चरी पनि समावेश गरिएको छ ।

# ड्राइभिङ स्कुल संघ गण्डकी अध्यक्षमा ठकुरी

**पोखरापत्र संवाददाता**
पोखरा, २३ मंसिर



ड्राइभिङ स्कुल संघ नेपाल गण्डकी प्रदेश समितिको शनिबार पोखरामा सम्पन्न प्रथम अधिवेशनले तुलबहादुर ठकुरी (कास्की) को अध्यक्षतामा नयाँकार्य समिति चयन गरेको छ।

समितिको वरिष्ठ उपाध्यक्षमा प्रविण सापकोटा (नवलपुर), उपाध्यक्षमा नवराज तिवारी (तनहुँ), सचिवमा रामचन्द्र पौडेल (कास्की), सहसचिवमा भिमलाल खनाल (स्याङजा), सदस्यमा नवराज दवाडी (कास्की), गोपाल अधिकारी (स्याङजा), हेमराज महतो (नवलपुर), मेघनाथ देवकोटा (कास्की), मनध्वज राना (तनहुँ), कमलादेवि गुरुङ (कास्की), शुस्मिता थापा (नवलपुर) र गंगाराम शर्मा चापाँगाई (कास्की) निर्विरोध निर्वाचित भएका छन् ।

कार्यक्रमको उद्घाटन केन्द्रिय संस्थापक अध्यक्ष पुरुषोत्तम रेग्मीले उद्घाटन गर्दै संघले व्यवसायीको हकहितमा काम गर्दै आएको र सदस्यहरुले पनि संघको नितिनियममा रहेर व्यवसाय संचालन गर्नुपर्ने वताए। कार्यक्रममा निर्वतमान केन्द्रिय अध्यक्ष मोहनबहादुर गुरुङ, वर्तमान महासचिव उमेश सिके, केन्द्रिय सदस्य विश्वकुमार माकाजु लगाएतले शुभकामना मन्तव्य दिएका थिए ।

सभाले कोषाध्यक्ष नवराज तिवारीको आर्थिक प्रतिवेदन सर्वसम्मत पारित गरेको थियो ।

ड्राइभिङ स्कुल संघ नेपाल गण्डकी प्रदेशका अध्यक्ष वसन्त भट्टचनको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत वरिष्ठ उपाध्यक्ष तुलबहादुर ठकुरीले र संचालन सचिव वासु कोइरालाले गरेका थिए ।

## बुढीगण्डकी ...

कब्जा गर्न नमिल्ने अध्यक्ष ओलीले बताउनुभयो । "विभिन्न बाहानामा समस्या सिर्जना गर्न हुँदैन", उहाँले भन्नुभयो । "जलाशययुक्त आयोजना तयार भएर डुबान नुहँदासम्म खेती लगाएर खाए हुन्छ", उहाँले भन्नुभयो, "त्यसलाई बाँझै राख्नुपर्ने वा खाली छोड्नुपर्ने आवश्यकता छैन ।" अध्यक्ष ओलीले पुष्पलाल मध्यपहाडी लोकमार्ग निर्माणमा ढिलाइ भएकामा असन्तुष्टि व्यक्त गर्नुभयो । फरक प्रसङ्गमा उहाँले राजनीतिलाई स्वस्थ्य र स्वाच्छ बनाउनुपर्नेमा जोड दिनुभयो ।

## उद्योगपति ...

आफ्नो पहलमा शान्ति तथा पुनःनिर्माण मन्त्रालयबाट उक्त टावर निर्माणमा सहयोग प्राप्त भएको उहाँको भनाई छ ।

हाल उक्त टावरलाई डम्बरुको आकारमा परिमार्जन गरिएको छ ।

कार्यक्रममा गण्डकी प्रदेशका सांसद प्रकाश बराल, समाजसेवी एवं उद्योगपति हरि पाण्डे, पोखरा २२ का वडा अध्यक्ष हिमलाल बराल, स्वामि गुरुहरु सहित विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

